नियमावली नं. ७

# खप्तड छेडेदह गाउँपालिकाको

# प्रकोप पिडित उद्धार राहत सम्बन्धी मापदण्ड २०७४

कार्यपालिकाबाट स्वीकृत मिति : –२०७४।१२।१४

**खप्तड छेडेदह गाउँपालिका**
**डा्गडी, बाजुरा**
**७ नं प्रदेश, नेपाल**

# खप्तड छेडेदह गाउँपालिकाको प्रकोप पिडित उद्धार राहत सम्बन्धी मापदण्ड २०७४

कार्यपालिकाबाट स्वीकृत मिति-२०७४१२।१४

## १) उद्धार तयारी व्यवस्थापन

क) गाउँ दैवीप्रकोप उद्धार समितिले खोज र उद्धार सामग्रीको पर्याप्त भण्डारणको व्यवस्था गरी जुनसुकै क्षेत्रमाप्रकोप आएकाबखतआवश्यकताअनुसार तत्काल राहत पुऱ्याउने व्यवस्थामिलाउने । यसकालागीखोज तथा उद्धार सामग्री,गाउँपालिकामाआवश्यकताअनुसार भण्डारणको व्यवस्थागर्ने । जोखिममा परेका बस्तीको पहिचान गरी त्यस्ता बस्तीको संरक्षण अथवा बस्ती स्थानान्तरण लगायतकाउपयुक्तव्यवस्थागर्नको लागीआवश्यकअध्ययन अनुसन्धान ,योजनातथाकार्यक्रमकार्यान्वयनको व्यवस्थागर्ने । प्रकोपको जोखीममा रहेका क्षेत्रको Risk Assessment तथा Hazard Mapping को व्यवस्थागर्ने ।

ख)स्थानीय स्तरको प्रकोपकाप्रकृतिको पहिचान गरी सो बाट पिडितहरुको खोजी र उद्धार गर्ने कार्यको लागीदक्ष र तालीमप्राप्तजनशक्तिन्युनतम १०जनाजुनसुकै बेला परिचालनगर्न सकिने अवस्थामा राख्ने व्यवस्थागाउँपालिकालेमिलाउने । तालीमप्राप्तजनशक्तिको साथै प्रकोपको समयमा राहतको छिटो छरितो व्यवस्थाको लागीखोज र उद्धार सामाग्रीहरुको लागतअद्यावधिकगर्नुका साथै आपतकालीनखाद्यान्नएवं लत्ताकपडातथा भाडाकुडाको भण्डारणको व्यवस्थागर्ने ।

ग) गाउँ दैवीप्रकोप उद्धार कोषमारु.५,००,००० (पाँचलाख) न्युनतममौज्दातकायम राख्ने व्यवस्थागाउँपालिकाकाअध्यक्षलेमिलाउने ।

घ) उक्तकोषको खाता संचालनगाउँपालिकाकाअध्यक्ष र प्रमुखप्रशासकीयअधिकृतको नाममाहुने छ।

ङ) सामाजिकएव गैर-सरकारी संघ -संस्थाहरुको सहयोग समेत लिई प्रकोप व्यवस्थापनजनचेतनाअभिवृद्धि गर्ने कामगर्ने ।

च) प्रकोपको समयमाविस्थापित परिवारहरुलाई सुरक्षित स्थानमा राखीशिविर संचालनगर्न गाउँ दैवीप्रकोप उद्धार समितिले सम्भवभएसम्मविद्यालय ,स्वास्थ्य केन्द्र बाहेक पहिचानगरिएकाखुला क्षेत्रहरु प्रयोगगर्ने ।

छ) खोज तथा उद्धारकालागीआउने स्वदेशीतथाविदेशी टोलीलाई सहयोग गराउने तथा समुचितप्रवन्धगाउँ दैविप्रकोप उद्धार समितिले मिलाउने । उद्दार समिति

ज) गाउँपालिका स्तरिय  राहतउद्दार समिति गठन हुनु पर्ने छ ।

## २) आपत्कालीन उद्धार तथा राहतवितरण

क)  प्रकोप घटनामा परी व्यक्तिको मृत्यु भएको रहेछ भने राहत स्वरुपप्रति मृतकको कृया खर्च बापत रु ३०,०००-तिसहजार)का दरले मृतकका परिवारलाई सहयोग उपलब्ध गराउने,घाइतेलाई यातायातखर्च स्वरुपरु. २०००।- यसरी रकमउपलब्ध गराउँदा सम्बधित वडा समितिको सिफरीस,प्रतिनिधिको प्रतिवेदनको आधारमागाउँ दैवीप्रकोप उद्धार समितिले उपलब्ध गराउने ।

ख) विपद्धबाट घर, बहालको आवास नष्ट भएका वा खाद्यान्न वाली तथा जग्गाजमिनवापसलव्यवसाय समेत नोक्सानभई तत्कालगुजाराको लागीखाद्यान्न समेत नभएकावादुवै अवस्थाका पीडीत परिवारलाई तत्कालआवश्यकव्यवस्थाको लागी रु. ५०००(पाँचहजार) र आंशिक रुपमाघर र आवास क्षतिभएकालाई रु ३०००तीनहजारसम्मप्रति परिवार राहत सहयोग उपलब्ध गराउने ।

ग) प्रकोपको समयमा पीडीत परिवारहरुलाई सुरक्षित स्थानमा राखीशिविर संचालनगर्नु पर्ने अवस्थाभएमास्रोतले भ्याएमागाउँ दैवीप्रकोप उद्धार समितिले व्यवस्थागर्ने स्रोतले नभ्याएमातत्कालगाउँ दैवीप्रकोप उद्धार समितिले जिल्ला दैवीप्रकोप उद्धार समिति रगृह मन्त्रालयमा सम्पर्क राखीआवश्यकव्यवस्थामिलाउने ।

घ) प्रकोपमा परी खाद्यान्नवाथपआर्थिक सहायताउपलब्ध गराउनु पर्ने परिवार संख्या समेत खुलेको लगत घटना हुने वित्तिकै गृह मन्त्रालयमा पठाउने ।

ङ) पीडीतहरुलाई राहतवितरण गर्दा स्थानीय उद्धाार समिति गठन भएको स्थानमा सो समितिमार्फत र अन्य ठाउँको हकमास्थानीय दैवीप्रकोप उद्धार समितिमार्फत नै राहतउपलब्ध गराउने । यसरी राहतवितरण गर्दा सम्भवभए सम्मस्थानीय स्तरमा रहेकासबै दलको प्रतिनिधि समेतलाई आमन्त्रण गरी गाउँ दैवीप्रकोप उद्धार समितिको निर्णयको आधारमा राहत सहयोग उपलब्ध गराउने व्यवस्थागर्ने ।

च) घटनामा परी खाद्यान्न लत्ताकपडा लगायत घर पुर्ण रुपमा नष्ट भएकावा पुर्ण नष्ट नभएतापनि सम्भावितखतराबाट जोगीनअन्यत्र सार्नु पर्ने वाविस्थापितभई सुरक्षित स्थानमानयाँआश्रय स्थल निमार्ण गरी व्यवस्थागर्नु पर्ने अवस्थाका परिवारलाई प्रति रु. ५,००० (पाँचहजार) सम्मआर्थिक सहयोग उपलब्ध गराउने । यस्तो सहयोग गाउँ दैवीप्रकोप उद्धार समितिले आवश्यक छानविन गरी बैठक बाट निर्णय गराएर मात्रदिने । साथै विशेष परिस्थितीको सिर्जनाभएको अवस्थामाथपसहायताउपलब्ध गराउन पर्ने देखिएमागाउँ दैविप्रकोप उद्धार समितिले थप रु.५,०००(पाँचहजार) सम्मप्रति परिवार उपलब्ध गराउने ।

छ )प्रकोपका घटनामा परी घाइते हुनेहरुलाई गाउँ दैवीप्रकोप उद्धार समितिमार्फत सरकारी अस्पतालमा उपचार गराउँदालागेको खर्च भक्तानी गरी दिने र अस्पतालबाट घर जानआर्थीक सहयोग स्वरुपप्रतिव्यक्तिरु. १,००० (एक हजार) र यातायातखर्चबापत बढीमा २००० (दुई हजार )दिने ।

ज)प्रकोपका पिडितहरुलाई पुनर्स्थापनतथापुननिर्माणका लागीप्रचलितनीतितथाकानुनबमोजीमवनमन्त्रालयअन्तरगतको जिल्ला स्थित तोकिएको निकायले सहुलियत दरमा काठ उपलब्ध गराउने ।

झ) भुकम्प ,बाढी,पहिरो ,आगलागी,हुरी बतास चट्याङ्ग, शीतलहर, हिमपातका साथै प्रकोपकाकारणबाट भएको हवाई सडक एवं डुङ्गा दुर्घटनाबाट प्रभावित पीडीतहरुलाई मात्र राहत सहयोग उपलबध गराउने ।

ञ) राहततथा उद्धार कार्य सञ्चालनगर्नु पर्ने विशेष परिस्थितीमाविविधखर्चको लागी रु. ५,०००(पाँचहजार) सम्मगाउँ दैवीप्रकोप उद्धार समितिको निर्णयनुसार गा.पा. अध्यक्षलेखर्च गर्न सक्ने ।

ट) निर्धारित मापदण्ड बमोजीमराहत सहयोग उपलब्ध गराउँदागाउँ दैवीप्रकोप उद्धार समितिले घटना भएको ३० दिनभित्र सुचनाप्राप्तभएको घटनाका लागीमात्र राहत सहयोग उपलब्ध गराउने व्यवस्थागर्ने ।

## ३. सुचना व्यवस्थापन, अनुगमन र मुल्यांकन

क) राष्ट्रिय सम्पर्क केन्द्र (National Focal point)को वेभसाईट निमार्ण गरीगाउँ दैविकप्रकोपउद्धार समितिलाई आबद्द गराउने र सम्बन्धि सुचनाको प्रवाह (dissemonation) गर्ने ।

ख) केन्द्रमा राष्ट्रिय आपत्कालीनकार्य सञ्चालन केन्द्रले र जिल्लाप्रशासनकार्यालयको प्रकोपको घटना सम्बन्धी केन्द्रिय र गाउँ स्तरियदैवीप्रकोप उद्धार समितिलेगाउँपालिकागततथ्याङकअद्यावधिकगर्ने र वार्षिक रुपमाप्रकाशन गरी सार्वजनीकगर्ने ।

ग) गाउँ दैवीप्रकोप उद्धार समितिले आफु मातहतका वडा स्तरिय दैवीप्रकोप उद्धार समितिहरुले गरेकाप्रकोप व्यवस्थापन सम्बन्धीकामहरुको कम्तीमावर्षको १ पटक अनुगमन गरी केन्द्रिय दैवीप्रकोप उद्धार समितिमाप्रतिवेदन पेश गर्ने ।

घ) गाउँदैवीप्रकोप उद्धार समितिले प्रकोप पिडित उद्धार एवं राहतव्यवस्थापनकार्यमाविशेष सक्रियतापुर्वक कार्य गर्ने समाजसेवी ,राजनितीकव्यक्तित्व, व्यवसायी ,सामाजीक सघं संस्थाएवं राष्ट्र सेवककर्मचारीहरुलाई उचित सम्मानएवं पुरस्कारको व्यवस्थामिलाउने र त्यस्ताव्यक्तित्वहरुलाई उचित सम्मानएवं पुरस्कारको लागिकेन्द्रिय दैवीप्रकोप उद्धार समितिमासिफारीस गर्ने ।

४) गाउँ स्तरिय बिपदब्यवस्थापन समिति रवडा स्तरिय बिपदब्यवस्थापन समितितोकियबमोजिमहुने छ ।